अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०१/०३ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	गणपति झा, मीनादेवी झा, दिवाकर कुमार झा, शिवाकर कुमार झा र करुणाकर कुमार झा (मुद्दा नं. ०७८-CR-००११३) फैसला मिति २०८१।०१।०९	गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको ।	• राष्ट्रसेवक कर्मचारी प्रतिवादी गणपति झाले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा उक्त कसूरमा बिगो रू.२,४४,७१,१०५.५१ कायम गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ दफा ३ तथा दफा २९ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम हुन र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिमको कैद तथा जरिवाना हुन साथै साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग., दफा २९ को उपदफा (१) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम गैरकानूनी रूपमा आर्जन गरेको उक्त विगो जफत हुन, • निज प्रतिवादी गणपति झाले आफ्नी एकासगोलकी पत्नी प्रतिवादी मीनादेवी झा र छोराहरु प्रतिवादी दिवाकर कुमार झा, शिवाकर कुमार झा र करुणाकर कुमार झाको नाममा राखेको देखिएको हुँदा निजहरुको नाममा रहेको सम्पत्ति जफत गर्ने प्रयोजनका लागि प्रतिवादी कायम गरी विशेष अदालत समक्ष आरोपपत्र दायर गरिएको,	• आरोप दावी र प्रतिवादीको विचमा मुख नमिलेको **ब्यय शिर्षकमा हेर्दा**, आरोप पत्रमा वादीले कि नं ५०६ र १२४० को घरको लागत मूल्य समेत जोडी व्यय कायम गरेको देखिएकोमा उक्त दुवै कि नं का जग्गाहरु प्रतिवादीको नाउँमा मिति २०७३।५।५ को वण्डाबाट प्राप्त भएको देखिएको, प्रतिवादीको छोराहरुको नाउँमा स्थापना भएको करुणाकर ईन्टरप्राईजेज र न्यू थ्रि ब्रदर्श एण्ड विल्डर्सको नामबाट लिएको ऋण सापटीको साँवा व्याज भुक्तानीको रकम खुद आय कायम गर्दा कट्टा भएको रकमलाई पुनः कर्जा तिरेको भनी व्ययमा पनि गणना गरिदा दोहोरो पर्न जाने देखिएको, पुंजी थप कम्पनीकै आम्दानीले थप गरिएको हुँदा सोको श्रोत पुष्टी गर्ने रकममा राख्र नमिल्ने समेत देखिएको • **प्रतिवादीको आय शिर्षकमा हेर्दा** वादीले दावी गरेको आयको शिर्षकमा श्रोत नखुलेकोले सम्पत्तिबाट वढेबढाएको आयलाई गणना नगरेको भन्ने देखिएको र जाँच अवधिमा भएको समग्र आयको विवरणबाट नै श्रोत जाँच हुने न्यायिक अभ्यास रहेको हुँदा जग्गा बिक्री, ऋण सापटी आय, परिवारका सदस्यको नाममा रहेको	**१)प्रतिवादीको आयको स्थितितर्फ हेर्दा**, आरोप पत्रमा प्रतिवादीको आय जम्मा रु. २,४२,६७,१०४।५६ मात्र बैध देखिएकोमा विशेष अदालतबाट प्रतिवादीलाई सफाई दिई फैसला गर्दा आय तथा व्ययका निम्न शिर्षकहरूमा आयोगले दावी गरेको भन्दा फरक गरी घटबढ गरेको देखिएको र उक्त फैसला निम्न आधारमा त्रुटिपूर्ण देखिन्छ : • **जग्गा बिक्री आय तर्फ** यस शिर्षकमा आरोप दावीमा रु.१२,८५,०००।- रहेकोमा प्रतिवादीले १८,८५,०००।०० को जिकिर गरेको र कित्ता नं ४१२ को जग्गा खरिदमा सम्पूर्ण रकमको श्रोत नखुलेकोले सो कित्ताको विक्रीबाट प्राप्त आयलाई गणना गर्न मिल्ने नदेखिएको, घर वहाल आय तर्फ कि.नं.१३९ मा बनेको घरको श्रोत खुल्न नसकेकाले घरभाडा बापतको रकम रु.३३,५०,०००।- लाई आयमा गणना गर्न मिल्ने नदेखिएको, **सवारी साधनको आय तर्फ** वादीले रु. १८,४८,३८५।४२ गणना गरेकोमा सवारी साधनमध्ये ट्रयाक्टर, कल्टिभेटर र एडाभेटरको खरिदिमा ८३.१८ प्रतिशत् श्रोत नपुगेको, गहुँ मसुरो दाउने थ्रेसरमा १०० प्रतिशत नै श्रोत नपुगेको, ज१च १५२७ नं को स्कारपियोको खरिदिमा ५६.८१ प्रतिशत् श्रोत नपुगेको सवारी साधनको आय श्रोत खुल्न नसकेको अनुपातमा आयमा गणना गर्न मिल्ने नदेखिएको, **व्यवसायिक फर्म तथा कम्पनिबाट प्राप्त आय तर्फ** प्रतिवादीको छोराहरुको नाममा दर्ता रहेको न्यू थ्री ब्रदर्स एण्ड विल्डर्स र करुणाकर ईन्टरप्राईजेजको दर्ता गर्दाको अवस्थामा नै श्रोत नपुगेको देखिएकोले सो बापतको रु.३०,७४,९०९।४९लाई आयमा गणना गर्न मिल्ने नदेखिएकोमा विषेश अदालतबाट सो रकमहरुलाई आयमा गणना गरी प्रतिवादीलाई सफाई दिने आधार उल्लेख गरेको देखिन्छ । खरिद तथा लगानी गरी राखेका सम्पत्ति बिक्रि गरी आर्जन गरेको आय गर्नेले मुल धनमा समेत स्रोत पुष्टि गर्नु पर्ने हुन्छ ।प्रारम्भिक खर्च लगानीलाई पहिलो प्रमाणित स्रोत प्रस्तुत गर्नुपर्ने अन्यथा प्राप्त आय बैध हुन सक्ने अवस्था नरहने हुँदा खरिद बिक्रि भए गरेका सम्पत्ति प्रारम्भिक शुरू लागनीको स्रोत पुष्टि हुनु पर्ने हुन्छ ।प्रतिबादीले खरिद गरेको घर जग्गाहरूको शुरू खरिद, स्थापना गरिएका कम्पनीको लगानी गर्दा जो जति मात्रमा स्रोत पुगेको हो सो हदसम्मको आयमा कायम गरिएको छ ।प्रतिबादी गणपति झा र निजको परिवार समेतका नाममा दर्ता कायम रहने गरी खरिद गरिएका घरजग्गा विक्रि तथा बहाल गरेका अन्य घरजग्गाहरू तथा कम्पनीहरुको शुरू लगानी नै निजको आयले खामेको नपाईएको र निजले मनासिव कारण र प्रमाण पेश गरी आयलाई बैध तवरबाट पुष्टि गर्न नसकेको हुँदा त्यस्तो आयलाई बैध आयमा गणना गर्न मिल्दैन । सम्मानित सर्वोच्च अदालतबाट " जाँच अवधिमा खरीद गरिएका जग्गा बिक्रीबाट प्राप्त रकमलाई आयको रुपमा जिकीर लिइन्छ र मान्यता पनि दिइन्छ भने त्यस्तो जग्गा खरीदको स्रोत पनि पुष्टि गर्नुपर्ने (नेपाल सरकार वि खुमबहादुर खड्का ने.का.प २०६९ नि.नं. ८८३२) भनी प्रतिपादित नजिर सिद्धान्त समेतको प्रतिकुल हुने गरी गरिएको फैसला त्रुटिपूर्ण रहेको छ । • **पारिश्रमिक वचत आयमा चाडपर्व भत्ता जोडिएको** नदेखिएको भनि थप आय कायम गरिएको देखिन्छ । नेपाल सरकारले निजामती कर्मचारीको लागी बर्षको १ पटक निजले मानी आयको चाडपर्व मनाउने प्रयोजनको लागी चाडपर्व खर्च दिएको र उक्त रकम निजले मानिआएको चाडपर्व मनाउने प्रयोजनको लागि उक्त रकम उपलब्ध गराउदै आएको हुँदा उक्त रकम चाडपर्वमा खर्च भएर जाने भएको हुँदा उक्त रकमलाई आय कायम गर्न मिल्ने होईन । तसर्थ खर्च भई जाने चाडपर्व खर्चलाई प्रतिबादीको आय समाबेश गरी बिशेष अदालतबाट भएको फैसला मिलेको देखिदैन। सम्मानित सर्वोच्च अदालतबाट समेत " खुद खर्च भै जाने विविध शीर्षकको रकमलाई आयमा समावेश गर्न कुनै कानून र

				कम्पनीहरुबाट लिएको कर्जा आय, कृषि आय, घर वहाल आय, सवारी साधनको आय, व्यवसायिक फर्म तथा कम्पनिबाट प्राप्त आय साथै प्रतिवादी गणपति झा को चाडपर्व खर्च, निर्वाचन भत्ता प्रतिवादी दिवाकर झाले यातायात व्यवस्था कार्यालय झम्सीखेलमा कम्प्युटर अप्रेटरको रुपमा काम गरेको पारिश्रमिक समेतलाई आयमा गणना नगरिएकोले उक्त शिर्षकमा मिसिल संलग्न आधार प्रमाणको विष्लेषण गर्दा माथि उल्लेख भए वमोजिमका शिर्षकहरुबाट मात्र पनि प्रतिवादीको वैध आय रु ३,७३,५६,०७७।३७ र व्यय रु.३,६७,२५,४२६।४ देखिएकोले प्रतिवादी गणपति झाको जाँच अवधिको आय भन्दा व्यय बढी भएको पुष्टि हुन नआएकोले प्रस्तुत मुद्दामा **प्रतिवादीहरुले आरोप दाबीबाट सफाइ पाउने ठहर्छ।**	विवेकसम्मत आधार नदेखिने" (नेपाल सरकार वि. जय प्रकाश प्रसाद गुप्ता ने.का.प. २०६८ निर्णय नं. ८७२२) भन्ने सिद्धान्त प्रतिपादन भएको छ, खुद खर्च भएर जाने आयलाई पनि बचत मानी प्रतिवादीको आय कायम हुने गरी गरेको बिशेष अदालतको उक्त फैसला सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त लाई अनदेखा गरी भएको देखिँदा त्रुटिपूर्ण छ । • **ऋण सापटी आयः** आरोपपत्रमा रु.१,६८,४९,२०६।४८ कर्जा वापत लिएको रकमलाई आयमा गणना गरेकोमा प्रतिवादीले यस शिर्षकमा जम्मा रु.१,९२,१०,८३०।४६ गणना हुनुपर्ने भनी माग गरेको देखिएकोमा मिसल संलग्न ऋण सापटि सम्वन्धी कागजातबाट आरोपपत्रमा दावी गरिए बमोजिमको रु.१,६८,४९,२०६।४८ कर्जा पुष्टी हुन आएको देखिएको। २) **<u>प्रतिबादीको समग्र व्यय शिर्षक</u>**-: • ऋण साँवा व्याज भुक्तानी तर्फको व्ययमा आरोप पत्रमा ऋण/सापटीको साँवा/ब्याज वापत रु.८०,६५,५५५।६७ तिरेको प्राप्त स्टेटमेण्टबाट देखिन आई उक्त रकमलाई व्ययमा गणना गरिएकोमा प्रतिवादीको छोराहरुको नाउँमा स्थापना भएको करुणाकर ईन्टरप्राईजेज र न्यू थ्रि ब्रदर्श एण्ड विल्डर्सको नामबाट लिएको ऋण सापटीको साँवा व्याज बुझाएको रकम प्रतिवादीको व्ययको रुपमा गणना गर्न नमिल्ने भनी फैसलामा लिएको आधार त्रुटिपूर्ण देखिएको, घर निर्माण लागत तर्फको व्ययमा ठेक्का कर ५ प्रतिशत् र ओभरहेड कस्ट १५ प्रतिशत् गरी २० प्रतिशत् कटौती गरएको तथा कि नं ५०६ र १२४० को घर यीनै प्रतिवादीले निर्माण गरेको पुष्टी भएकोमा वण्डा हुनु अगावै वनेको भनि यी प्रतिवादीको व्ययमा कायम गर्न नमिल्ने भनि उक्त घर निर्माणमा लागेको लागतलाई प्रतिवादीको व्ययमा गणना नगरिएको देखिन्छ । जबकी प्रतिबादी आफैले बनाएको घरमा उक्त २० प्रतिशत ओभरहेड र ठेक्का कर कट्टा गर्नु पर्ने हाम्रो अदालती अभ्यास हो । प्रस्तुत मुद्दामा प्रतिबादीले उक्त घरहरु आफैले बनाएको पुष्टि भएकोमा उक्त कर कट्टी हुनु पर्ने भन्ने कुनै जिकिर आधार नरहेको तथा वण्डा हुनु अगावै वनेको भनि अदालतले अनुमानको आधारमा प्रतिबादीको उक्त घरहरु निर्माणको व्ययलाई गणना नगरी भएको फैसला त्रुटिपूर्ण रहेको छ । • कम्पनि/फर्ममा लगानीमा आरोप दावीमा कम्पनीमा लगानी वापत रु रू.३७,५०,०००।०० दावी रहेको र सो दावी प्रमाण कागजबाट पुष्टी भएकोमा विना आधार रू.१०,००,०००। पुंजी कम्पनीकै आम्दानीले थप गरिएको भनी सो व्ययलाई गणना नगरी भएको फैसला त्रुटिपूर्ण रहेको छ । अतः अतः माथि बिबेचित प्रतिबादीको तलव भत्ता, घर जग्गा खरिद, घर निर्माण लागत, बैंकको तथा वित्तिय संस्थाको ऋण तथा साँवा व्याज भुक्तानी , अंशवण्डा, सवारी साधन खरिद, कम्पनीहरुको स्थापना र सञ्चालन, शैक्षिक खर्च लगानी, बैंक मौज्दात समेतबाट प्रतिबादीको समग्र आय रु ३,७३,५६,०७७।३७ र व्यय रु.३,६७,२५,४२६।४ देखिई प्रतिवादी गणपति झाको जाँच अवधिको आय भन्दा व्यय बढी भएको पुष्टि हुँदा हुँदै मिशिल संलग्ग समग्र प्रमाणको उचित मुल्यांकन नगरी एवं सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकुल हुने गरी आयोगबाट कायम गरिएको व्यय भन्दा कम व्यय कायम गरी भएको फैसला त्रुटिपूर्ण भएकोले प्रस्तुत फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन गरिएको ।